# सम्बन्धविच्छेद किन

लेखक प्रकाश पौडयाल

सुधा मल्लिक द्वारा लेखिएको विवाह र सम्बन्धविच्छेद लेख पढेपछी केहि कुरा थप्न मन लाग्यो । कुरा १९९७ को हो । हामी टेक्सासको एउटा गाउंको कलेजमा पड्थौं । गाउंको कलेज भएपनी यो कलेज ईतीहास बोकेको अत्यन्तै सुबिधा सम्पन्न थियो । यस कलेजमा एकजना मनोबिज्ञान बिषयका निकै बृद्ध प्राध्यापक हुनुहुन्थो । वहांको शुभनाम हो डा. रिचार्ड मिलर । वहां यस कलेजको सह संस्थापक मात्र नभई अमेरिकन साईकोलजि एण्ड सोसीयोलजी एसोसीयसनमा समेत ठुलो पदमा हुनुहुन्थो । वहांलाई नेपाल र नेपाली समाज प्रति अध्यन गर्ने ज्यादै शोख थियो । सौभाग्यवस हामीले वंहा संग पड्न पायौं । वहां सम्बन्धविच्छेदलाई समाजको नकारात्मक पक्ष्य कोरुपमा लिनु हून्थ्यो । सम्बन्धविच्छेदले छोरा छोरीको भविश्यमा नराम्रो असर गर्ने र अभिवावकहरुलाई समेत बृिद्ध अबस्थामा एक्लो बनाउने वंहाको बिचार थियो । र यस बिसयमा आफ्ना साईकोलजि र सोसीयोलजीका बिध्यार्थीहरुलाई सधैं नेपालको उदाहरण दिनु हुन्थ्यो ।

कक्षामा एकदिन वहांले सम्बन्धविच्छेद सम्बन्धमा दक्षीण अमेरीकी समाज र नेपाली समाज बिसयमा चर्चा गर्न थाल्नु भयो । जब स्थानीय बिधार्थीहरुले नेपाली समाजमा सम्बन्धविच्छेद ज्यादै कम हुने कुरा थाहा पाए तब आश्चर्य पर्दै नानाथरीका टिपणी गर्न थाले । धेरैले नेपाली समाज अबिकसीत भएको, अशिक्षीत भएको, मानव अधिकार नभएको, महिलाहरु अपहेलीत भएको कारण औंलाए । प्राध्यापकले यस बिशयमा मेरो बिचार सोधे । मैले उत्तर दिएं : हामी बिबाह गर्दा देउता नखोजी मानब खोज्छौं । प्रत्येक मानबमा केहि न केहि कमी कमजोरी हून्छ । जिवनको लामो समयमा दुई दम्पती बिचमा हजारौं ब्यबहार हुन्छन् र यस मध्ये केहिमा मतभेद हुनु स्वभावीक मान्दछौं । जब ति कमी कमजोरी देखा पर्दछन् तब आफसमा संम्झौता गर्दछौं र चित्त बुझाउने गर्दछौं । सम्बन्धविच्छेद गर्नुपुर्व आफना छोरा छोरीको भविश्य पनि हेर्दछौ । तर तिमीहरु बषौं संगैबसी विवाहमा बाधिएरपनी जब कुनै कमी कमजोरी देखा पर्दछ तब फेरी अर्कै देवताको खोजीमा निस्कन्छौ र फेरी विवाह मानव संगै गर्दछौं ।

फरक यहि हो । मेरा उत्तर सुनेर गुरु धेरै खुसी हुनुभयो ।

तर केहि सामाजीक कारणले भने महीलाहरु पूरुष संग र पूरुषहरु महीलासंग अन्यायपूर्वक संम्झौता गर्न बाध्य छन् जस्तो जड्या लोग्ने पर्नु, बिबाह पूर्व लमि द्धारा उमेर ढाटीनु र असमान सेक्स ड्राईभ हुनु, दुबैको पुर्व संबन्ध हुनु, दुबै पक्ष्य बिच बिचार र पेशा नमिल्नू इत्यादी । अतः बिबाह पूर्व केटा र केटी बिच यस बिषयमा छलफल हुनु अती आबश्यक हून्छ, जस्ले गर्दा हाम्रो समाजले पाश्चीमी समाजको जस्तो दुख देख्नू पर्दैन ।